जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २५३ २०८३ साल जेठ २ गते शनिबार (16 May 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विश्व फुटबलको महाकुम्भ ... ३ पृष्ठमा : नीति तथा कार्यक्रम ... ३ पृष्ठमा : ट्रम्प-सीबीच व्यापार ...

## राजविराज नगरपालिका कार्यालयको योजना शाखाबाट ल्यापटप र आवश्यक कागजात चोरी





**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

राजविराज नगरपालिका कार्यालयबाट बिहीबार राती योजना शाखाबाट एक थान ल्यापटप र आवश्यक कागजात चोरी भएको छ ।

सो कार्यालयबाट एक थान ल्यापट र केही आवश्यक कागजात राखिएको फायलहरु चोरी भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले कार्यालयको योजना शाखाको ढोका र त्यस पश्चात दराज फोडेर एक थान ल्यापटप तथा केही फायलहरु चोरी भएको जानकारी दिइन् । शुक्रबार विहान ९ बजेतिर कर्मचारीहरु कार्यालय पुग्दा मात्र चोरी भएको थाहा पाएको उनको भनाई छ ।

नगरपालिका कार्यालय परिसरमा जडान गरिएका सिसि क्यामरा विग्रेका कारण चोरको पहिचान गर्न समस्या भइरहेको यद्यपी नगरका अन्य स्थानमा जडान गरिएका सिसि टिभीको फुटेज हेर्ने काम भईरहेको प्रहरीको भनाई छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बर पुरीले घट्नाको खबर पाएपछी एक प्रहरी निरीक्षकको कमाण्डमा पुगेको टोली अनुसन्धान गरिरहेको जनाएका छन् ।

एकसाता यता राजविराज ५ निवासी कानुन व्यवसायी मदनमोहन चौधरी, राजविराज ७ मा रहेको अनुपदास धर्मशाला तथा राजविराज ७ स्थित दुईवटा पसलमा चोरीको घट्ना भईसकेको छ ।

यसैबीच विभिन्न चोरी घट्नामा संलग्न रहेको आरोपमा बिहीबार राती एक जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

## मुख्यमन्त्री यादव विश्वासको मत लिनबाट पछी हटे, जेठ ८ मा विश्वासको मत लिने

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जेठ ८ गते विश्वासको मत लिने भएका छन् ।

सत्ता गठबन्धन भित्रको असन्तुष्टि र खटपटको कारण शुक्रबार उनले लिने भनिएको विश्वासको मत अन्तिम समयमा आएर पछाडि हटेका हुन् ।

उनलाई विश्वासको मत लिनका लागि शुक्रबार बिहान ११ बजे सदन आह्वान गरिएको थियो । गठबन्धनभित्र र आफ्नै पार्टीभित्रको असन्तुष्टिको कारण फ्लोर क्रस गर्ने जोखिमपछि मुख्यमन्त्री यादव पछाडि हटेको श्रोतले जनाएको छ ।

यद्यपि बैठक भने अन्य कार्यसूचिमा प्रवेश गरेर चल्ने जनाएको छ । गत वैशाख २१ गते जनमतले मधेश सरकारबाट समर्थन फिर्ता लिएका थिए ।

यसपछि सरकारको सिफारिसमा मुख्यमन्त्रीलाई विश्वासको मत लिन गत प्रदेश प्रमुखको आह्वानमा प्रदेशसभाको सातौं बैठक बोलाइएको छ ।

## बोदेबरसाईनस्थित छोटी भन्सार कार्यालयको अतिक्रमित जग्गा खाली गर्न सूचना

**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

सप्तरीको बोदेबरसाईनस्थित छोटी भन्सार कार्यालयको अतिक्रमित जग्गा खाली गराउन सूचना जारि भएको छ ।

सो नगरपालिका वडा ९ स्वर्णपट्टी गाउँस्थित रहेका लामो समयदेखि अतिक्रमणमा परेको उक्त भन्सार कार्यालयको जग्गा सात दिन भित्र खाली गर्न शुक्रबार वडा कार्यालयले सार्वजनिक सूचना जारि गरेको हो ।

वडा अध्यक्ष तपसी यादवले हस्ताक्षर गरेको सूचनामा भनिएको छ, 'समयावधि भित्र खालि नगरेमा सोको क्षतिपूर्ति अतिकमण गर्ने व्यक्तिलाई तिनु पर्ने उल्लेख छ ।'

## अरुलाई असर नपर्ने गरि बाजा/डिजे बजाई विवाह, चाडपर्व तथा अन्य साँस्कृतिक कार्यक्रमहरु गर्न अनुरोध




**दैनिक समाचारदाता**
**राजविराज, १ जेठ ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले अरु व्यक्तिहरुलाई असर नपर्ने गरी बाजा/डिजे बजाई विवाह, चाडपर्व तथा अन्य साँस्कृतिक कार्यक्रमहरु गर्नुहुन सबैलाई अनुरोध गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवद्वारा शुक्रबार जारि सूचनामा विवाह, चाडपर्व तथा अन्य साँस्कृतिक कार्यक्रम गर्ने/मनाउने क्रममा सार्वजनिक बाटोमा अत्यधिक ठूलो स्वरमा बाजा/डिजे बजाउँदा ध्वनि प्रदूषण हुने भनिएको छ ।

सोही कारण मानवीय स्वास्थ्य, अध्ययनको वातावरण

*बाँकी अन्तिम पृष्ठमा*



# विश्व फुटबलको महाकुम्भ मेला

**नवीन लुईटेल**

काठमाडौँ, १ जेठ (रासस)।

उत्तर अमेरिकी क्षेत्रमा हुने विश्वकप फुटबलको सरगर्मी बढ्दो छ। विश्व फुटबलको महाकुम्भ मेला आउन अब करिब एक महिना मात्र बाँकी छ। अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने यो विश्वकप आगामी जेठ २८ गतेदेखि साउन ३ गतेसम्म सञ्चालन हुनेछ। तेइसौँ संस्करणको विश्वकप फुटबलका खेलहरू अमेरिकाका ११ सहर, मेक्सिकोका तीन सहर र क्यानडाका दुई सहरमा हुनेछन्।

सन् २००२ पछि पहिलोपटक दुईभन्दा बढी देशको संयुक्त आयोजनामा विश्वकप फुटवल हुन लागेको हो।

सन् २०२६ को विश्वकपमा रहेका तीन आयोजक राष्ट्रमध्ये मेक्सिको विश्वकप तीन पटक आयोजना गर्ने पहिलो मुलुक बनेको छ।

सन् १९८६ र २०२२ मा सहभागी भइसकेको क्यानडाले पहिलोपटक विश्वकपको सहआयोजना गर्न लागेको हो भने अमेरिकाले यसअघि सन् १९९४ मा विश्वकप आयोजना गरिसकेको छ। विश्वकपको उद्घाटन खेल मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका (एस्टाडियो बानोर्टे) रङ्गशालामा हुनेछ भने फाइनल खेल अमेरिकाको न्युयोर्कस्थित मेटलाइफ रङ्गशालामा हुनेछ।

**३२ बाट बढाएर ४८ देश**

फिफाले पहिलोपटक २३औँ विश्वकपलाई थप प्रतिस्पर्धात्मक र रोमाञ्चक बनाउने उद्देश्यसहित सहभागी राष्ट्रको सङ्ख्या बढाएर ४८ पुऱ्याएको छ। अघिल्लो संस्करणसम्म ३२ राष्ट्रले सहभागिता जनाउँदै आएकामा यसपटकदेखि सहभागी सङ्ख्या ४८ पुऱ्याइएको हो।

सन् १९९८ को फ्रान्स विश्वकपदेखि सन् २०२२ को कतार विश्वकपसम्म ३२ देशले प्रतिस्पर्धा गरे भने यसअघि सन् १९८२ स्पेन विश्वकपदेखि सन् १९९४ अमेरिका विश्वकपसम्म २४ देशबीच प्रतिस्पर्धा हुने गर्दथ्यो। त्यसअघि सन् १९३० मा उरुग्वेको मन्टेभिडियोमा भएको पहिलो विश्वकपदेखि सन् १९७८ मा अर्जेन्टिनामा भएको ११औँ विश्वकपसम्म १६-१६ देशले प्रतिस्पर्धा गर्ने व्यवस्था गरिएको थियो।

पहिलो विश्वकपमै एसियाबाट जापान र थाइल्याण्डले नाम फिर्ता लिएका थिए। अफ्रिकाबाट प्रतिनिधित्व गर्ने इजिप्ट पनि पानीजहाज छुटेका कारण प्रतियोगितामा सहभागी हुन सकेन। यसका कारण पहिलो विश्वकपमा १६ देशमध्ये १३ देश मात्र सहभागी भए। सन् १९३८ को दोस्रो विश्वकपमा अस्ट्रेलियाले हात झिकेपछि १५ देश सहभागी भए। सन् १९५० मा ब्राजिलमा भएको विश्वकपमा भारत छनोट भएर पनि सहभागी भएन। स्कटल्यान्ड र फ्रान्सले पनि प्रतियोगितामा भाग लिएनन्।

सो विश्वकपमा पनि १६ मध्ये १३ देशबीच प्रतिस्पर्धा भयो। त्यसपछि सन् १९५४ मा स्वीट्जरल्यान्डमा भएको पाँचौँ विश्वकपदेखि सन् १९७८ सम्म भने १६ देशले नै फाइनल चरणमा प्रतिस्पर्धा गरे।

**ताजा विश्वकपमा को सहभागी, को बाहिर ?**

विश्वकपको फाइनल चरणमा अफ्रिकी राष्ट्र केप भेर्डे, क्यारेबियन राष्ट्र कुराकाओ तथा एसियाली देश जोर्डन र उज्वेकिस्तानले पहिलोपटक स्थान बनाएका छन्। तर बलियो तथा चारपटकको विश्वविजेता इटाली लगातार तेस्रोपटक विश्वकपमा पुग्न असफल भयो। युरोपियन छनोटको प्लेअफ फाइनलमा बोस्निया-हर्जगोभिनासँग पराजित हुँदै इटाली विश्वकपबाट बाहिरिएको हो। इटाली मात्र नभई विश्वकपमा बलियो उपस्थिति जनाउँदै आएका पोल्यान्ड, डेनमार्क, चिली, क्यामरुन र नाइजेरियाजस्ता शक्तिशाली राष्ट्र पनि यसपटक सहभागी हुने छैनन्।

राजनीतिक तथा आर्थिक समस्यासँग जुधिरहेका कङ्गो र हाइटी ५२ वर्षपछि विश्वकप खेल्दै छन्। इराक ४० वर्षपछि विश्वकपमा फर्किएको छ भने बोस्निया-हर्जगोभिना र इरानले पनि विश्वकपमा आफ्नो उपस्थिति जनाउँदैछन्। अस्ट्रिया, नर्वे र स्कटल्यान्डले सन् १९९८ पछि पहिलोपटक विश्वकपको फाइनल चरणमा प्रतिस्पर्धा गर्दैछन्।

**४८ देश, १२ समूह**

यसपटक कुल ४८ राष्ट्रले विश्वकपमा सहभागिता जनाउँदैछन्। टोलीहरूलाई १२ समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहमा चार-चार टोली रहेका छन्। समूह 'ए' मा आयोजक मेक्सिकोसँगै दक्षिण अफ्रिका, दक्षिण कोरिया र चेक रिपब्लिक रहेका छन्। समूह 'बी' मा आयोजक क्यानडा, बोस्निया-हर्जगोभिना, कतार र स्वीट्जरल्यान्ड छन्। समूह 'सी' मा ब्राजिल, मोरक्को, हाइटी र स्कटल्यान्ड छन् भने समूह 'डी' मा आयोजक अमेरिका, पाराग्वे, अस्ट्रेलिया र टर्की रहेका छन्।

समूह 'ई' मा जर्मनी, कुराकाओ, आइभरी कोस्ट र इक्वेडर रहेका छन्। समूह 'एफ' मा नेदरल्यान्ड्स, जापान, स्वीडेन र ट्युनिसिया छन् भने समूह 'जी' मा बेल्जियम, इजिप्ट, इरान र न्युजिल्यान्ड रहेका छन्। समूह 'एच' मा स्पेन, उरुग्वे, साउदी अरेबिया र केप भेर्डे छन्। समूह 'आई' मा साविक उपविजेता फ्रान्स, सेनेगल, इराक र नर्वे छन्। समूह 'जे' मा साविक विजेता अर्जेन्टिना, अल्जेरिया, अस्ट्रिया र जोर्डन रहेका छन्। समूह 'के' मा पोर्चुगल, कंगो, उज्वेकिस्तान र कोलम्बिया छन् भने समूह 'एल' मा इङ्ल्यान्ड, क्रोएसिया, घाना र पानामा रहेका छन्।

**३९ दिन, १०४ खेल**

फिफाले यसपटक विश्वकपमा सहभागी राष्ट्रको सङ्ख्या ३२ बाट बढाएर ४८ पुऱ्याएको छ। देशको सङ्ख्या बढेसँगै खेलको सङ्ख्या पनि बढेको छ। ३९ दिनसम्म चल्ने प्रतियोगितामा कुल १०४ खेल हुनेछन्। समूह चरणका खेलहरू जेठ २८ गतेदेखि असार १३ गतेसम्म सञ्चालन हुनेछन्। प्रत्येक समूहका शीर्ष दुई टोली र उत्कृष्ट आठ तेस्रो स्थान प्राप्त टोली गरी ३२ टोली राउन्ड अफ ३२ मा प्रवेश गर्नेछन्।

राउन्ड अफ ३२ का खेल असार १४ गतेदेखि असार १९ गतेसम्म हुनेछ। त्यसपछि प्रि-क्वार्टरफाइनल, क्वार्टरफाइनल, सेमिफाइनल हुँदै फाइनल खेलाइनेछ। राउन्ड अफ १६ का खेल असार २० गतेदेखि असार २३ गतेसम्म हुनेछ भने क्वार्टरफाइनल असार २५ देखि २७ गतेसम्म हुनेछ। सेमिफाइनल असार ३० र ३१ गते हुनेछ। तेस्रो स्थानका लागि साउन २ गते प्रतिस्पर्धा हुनेछ भने फाइनल खेल साउन ३ गते हुनेछ। साविक विजेता अर्जेन्टिना हो।

**खेल कुनकुन सहरमा हुँदैछ ?**

तेइसौँ संस्करणको विश्वकप अमेरिका, क्यानडा र मेक्सिकोका १६ सहरमा आयोजना हुनेछ। अमेरिकाका ११, मेक्सिकोका तीन र क्यानडाका दुई सहरमा प्रतियोगिता सञ्चालन हुनेछ। विश्वकपको फाइनल अमेरिकाको न्युयोर्कस्थित मेटलाइफ रङ्गशालामा हुनेछ। ८३ हजार दर्शक क्षमता रहेको यो रङ्गशालालाई न्यू जर्सी रङ्गशाला पनि भनिन्छ।

अमेरिकाको डलास रङ्गशालामा विश्वकपका नौ खेल हुनेछन्। ९४ हजार दर्शक क्षमता भएको रङ्गशालामा समूह चरणका पाँच, राउन्ड अफ ३२ का दुई, प्रि-क्वार्टरफाइनलको एक र सेमिफाइनलको एक खेल हुनेछ। एटलान्टास्थित मर्सिडिज बेन्ज रङ्गशालामा पनि विभिन्न चरणका खेल हुनेछन्। कान्सास सिटीस्थित गेहा फिल्ड एट एरोहेड रंगशालामा समूह चरण, नकआउट र क्वार्टरफाइनलका खेल हुनेछन्।

ह्युस्टनको एनआरजी रङ्गशाला, सान फ्रान्सिस्को बे एरियाको लेभाइज रङ्गशाला, लस एन्जल्सको सोफाइ रङ्गशाला, फिलाडेल्फियाको लिङ्कन फाइनान्सियल फिल्ड, सिएटलको लुमेन फिल्ड, मियामीको हार्ड रक रङ्गशाला तथा बोस्टनको जिलेट रङ्गशालामा पनि विभिन्न खेल हुनेछन्। मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका रङ्गशालामा उद्घाटन खेल हुनेछ। पहिलो खेल आयोजक मेक्सिको र दक्षिण अफ्रिकाबीच हुनेछ। क्यानडाको टोरन्टोस्थित बीएमओ फिल्ड र भ्यानकुभरस्थित बिसी प्लेस रङ्गशालामा पनि विश्वकपका खेलहरू सञ्चालन हुनेछन्।

**टिकट मूल्य**

फिफाले यसपटकको विश्वकपको टिकट मूल्य अत्यधिक महँगो हुने जनाएको छ। समूह चरणको टिकट मूल्य ३०० डलर तोकिएको छ भने फाइनल खेलको सामान्य टिकट मूल्य १० हजार ९९० डलर तोकिएको छ। यसअघि कतार विश्वकपको फाइनल टिकट मूल्य करिब १२०० डलर मात्र थियो।

**पहिलोपटक विश्वकप खेल्दै चार राष्ट्र**

यसपटक विश्वकपमा केप भेर्डे, कुराकाओ, जोर्डन र उज्वेकिस्तानले पहिलोपटक सहभागिता जनाउँदैछन्। केप भेर्डेले अफ्रिकी छनोटमा क्यामरुनलाई हराउँदै विश्वकपमा स्थान बनाएको हो। कुराकाओले जमैका, बर्मुडा र हाइटीजस्ता टोलीलाई पछि पार्दै विश्वकप यात्रा तय गऱ्यो। जोर्डनले ओमानलाई ३-० ले हराउँदै पहिलोपटक विश्वकपमा छनोट भएको इतिहास रच्यो। उज्वेकिस्तानले पनि लामो प्रयासपछि पहिलोपटक विश्वकपमा स्थान सुरक्षित गरेको हो।

**चारपटकको विजेता इटालीबिनाको विश्वकप**

यसपटकको विश्वकपमा चारपटकको विश्वविजेता इटाली रहने छैन। युरोपियन छनोट चरण पार गर्न नसकेपछि इन्टर मिलानका एलेसान्ड्रो बास्तोनी, निकोलो बरेला तथा पिएसजीका गोलरक्षक जियानलुइजी डोनारुम्माजस्ता खेलाडी विश्वकप खेल्नबाट वञ्चित भएका छन्। विश्वकप इतिहासमा ब्राजिलपछि सबैभन्दा सफल टोली मानिने इटालीले १८ संस्करणमा सहभागिता जनाएको छ। सन् २००६ मा चौथोपटक विश्वकप जितेपछि इटाली सन् २०१० र २०१४ मा समूह चरणबाटै बाहिरिएको थियो। त्यसपछि लगातार तीन संस्करणमा विश्वकपमा छनोट हुन नसक्नु इटाली फुटबलका लागि ठूलो धक्का मानिएको छ।

**कुन क्षेत्रीय छनोटबाट सहभागी कति ?**

विश्वकपको २३औँ संस्करणमा सबैभन्दा बढी युरोपियन क्षेत्र (युइएफए) बाट १६, अफ्रिकी क्षेत्र ( सिएएफ) बाट १०, एशिया क्षेत्र ( एएफसी) बाट नौ, उत्तरमध्ये र क्यारेवियन क्षेत्र (कन्काफ)बाट छ दक्षिण अमेरिकी क्षेत्र ( कन्मेबोल)बाट छ र ओसेनिया क्षेत्र (ओएफसी) बाट एक गरी ४८ राष्ट्रले सहभागिता जनाउँदैछन्। एसियाबाट अष्ट्रेलिया, इरान, इराक, जापान, जोर्डन, कतार, साउदी अरेबिया, दक्षिण कोरिया र उज्वेकिस्तानले विश्वकपमा सहभागिता जनाउँदैछन्।

युरोपबाट अष्ट्रिया, बेल्जियम, बोस्नीया हर्जगोविना, क्रोयसिया, चेक रिपब्लिक, इङ्गल्याण्ड, फ्रान्स, जर्मनी, नेदरल्याण्ड्स, नर्वे, पोर्चुगल, स्कटल्याण्ड, स्पेन, स्वीडेन, स्वीजरल्याण्ड र टर्कीले भाग लिँदैछन्। अफ्रिकाबाट अल्जेरिया, केप भेर्डे, डिआर कङ्गो, इजिप्ट, घाना, आइभरी कोष्ट, मोरक्को, सेनेगल, दक्षिण अफ्रिका र ट्युनेसिया गरी १० देशले विश्वकपमा सहभागिता जनाउँदैछन्। दक्षिण अमेरिकी क्षेत्रबाट साविक विजेता अर्जेन्टिना, ब्राजिल, कोलम्बिया, इक्वेडर, पाराग्वे र उरुग्वे गरी छ देशले विश्वकपमा खेल्दैछन्। उत्तरी, मध्यअमेरिका तथा क्यारेवियन (कन्काफ) क्षेत्रबाट क्यानडा, मेक्सिको, अमेरिका, पानामा, कुराकाओ र हाइटीले प्रतिस्पर्धा गर्दैछन्। जसमा क्यानडा, मेक्सिको र अमेरिका आयोजक हुन् भने पानामा, कुराकाओ र हाइटीले छनोटको तेस्रो राउण्डको समूह विजेताका रुपमा विश्वकपमा छनोट भएका हुन्। यस्तै ओसेनिया क्षेत्रबाट न्युजिल्याण्डले विश्वकपमा सहभागिता जनाउँदैछ।

**एशियाली क्षेत्रको छनोट**

एशियाली छनौटको तेस्रो चरणमा रहेका तीन वटा समूहका विजेता र उपविजेता गरी छ देश इरान, उज्वेकिस्तान, दक्षिण कोरिया, जोर्डन, जापान र अष्ट्रेलिया सोझै विश्वकपमा छनोट भएका हुन्। बाँकी दुई देश कतार र साउदी अरेबिया तीन समूहका उत्कृष्ट तेस्रो र चौथो हुने देशबीच दुई समूह विभाजन गर्दै भएको प्रतिस्पर्धाबाट समूह विजेता विश्वकपमा छनोट भएका हुन्। यसैगरी सो दुई समूहका दोस्रो हुने टोलीबीच प्रतिस्पर्धा गर्दै इराकलाई अर्न्तरमहादेशीय छनोट खेल्ने अवसर मिल्यो। युएईलाई हराउँदै अन्तर महादेशीय प्लेअफ खेलेको इराकले कन्काफ र दक्षिण अमेरिकी क्षेत्रबाट प्लेअफमा आएका बोलीभिया र सुरीनामलाई पन्छाउँदै विश्वकपमा स्थान पक्का गरेको थियो।

विश्वकप फुटबलको प्रारम्भिक छनोटमा लाओसलाई समग्रमा २-१ ले हराउँदै नेपालले अर्को चरणमा प्रवेश पाएको थियो। सो चरणमा युएई, बहराइन र यमनसँग २-२ पटक प्रतिस्पर्धा गरेको नेपालले यमनसँग एउटा खेलमा २-२ को बराबरी गर्नबाहेक अन्य सबै खेलमा नेपाल पराजित भएको थियो।

**एशियाबाट छनोट भएका देशहरु यसअघि कुनकुन विश्वकपमा सहभागी थिए ?**

एशियाली क्षेत्रबाट विश्वकपमा छनोट भएर प्रतिस्पर्धा गर्ने सबैभन्दा पहिलो देश इण्डोनेसिया रहेको छ। सन् १९३८ मा फ्रान्समा भएको विश्वकपमा दौरान तत्कालीन डच इष्ट इन्डिजको नामले परिचित इण्डोनेसियाली फुटवल टिमले प्रतिस्पर्धा गरेको थियो। पहिलो राउण्डको खेलमै हङ्गेरीसँग इण्डोनेसिया पराजित हुन पुग्यो। सन् १९५० को विश्वकपमा भारत छनोट भएर पनि पूर्वाधार र आर्थिक कारण देखाउँदै प्रतिस्पर्धा गर्न असफल रह्यो। यसपछि दक्षिण कोरियाले सन् १९५४ मा विश्वकप खेलेको थियो। सो विश्वकपमा दक्षिण कोरिया हङ्गेरीसँग ९-० ले तथा टर्कीसँग ७-० ले पराजित भएको थियो।

सन् १९७४ मा अष्ट्रेलिया र लगत्तै चार वर्षपछि इरान सहभागी भयो। सन् १९८६ र १९९० मा दक्षिण कोरियाले प्रतिस्पर्धा गऱ्यो। १९९४ को अमेरिका विश्वकपमा साउदी अरब पहिलोपल्ट सहभागी हुँदा दक्षिण कोरियाले निरन्तरता पायो। सन् १९९८ देखि प्रत्येक विश्वकपमा कम्तिमा चार टिम पुग्नेनियम बनाइसक्यो। दक्षिण कोरियालले १३औँ पटक विश्वकपमा सहभागिता जनाउँदै गर्दा जापान र साउदी अरेबियाले सातौँ पटक प्रतिस्पर्धा गर्दैछ। अष्ट्रेलिया र इरानले ६-६ पटक विश्वकपमा भिड्दा कतार र इराकले अहिलेसम्म १-१ विश्वकपमा भिडन्त गरेका छन्। जोर्डन र उज्वेकिस्तान पहिलोपल्ट विश्वकपमा सहभागी गर्दैछन्।

**कसले कतिपल्ट**

*बाँकी तीन पृष्ठमा*


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नीति तथा कार्यक्रमले खोजेको समृद्धि

**सोमनाथ सापकोटा**
काठमाडौं, १ जेठ (रासस) ।

नेपाल सरकारले सङ्घीय संसद्मा प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा गैरआवासीय नेपाली (एनआरएन)हरूलाई उच्च प्राथमिकताका साथ समेट्नु केवल एक औपचारिक नीतिगत घोषणा मात्र होइन, यो विश्वभर फैलिएको नेपाली समुदायको योगदान, क्षमता र सम्भावनालाई राष्ट्रिय विकासको मूल प्रवाहसँग जोड्ने दूरदर्शी राष्ट्रिय प्रतिबद्धता हो ।

गैरआवासीय नेपाली सङ्घका दृष्टिकोणबाट हेर्दा यसले नेपाल र विश्वव्यापी नेपाली समुदायबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने महत्वपूर्ण आधार तयार गरेको छ । गैरआवासीय नेपालीहरूको भावना, योगदान र क्षमतालाई राष्ट्रिय विकासको मूल प्रवाहसँग जोड्ने सरकारको यो नीति वास्तवमै ऐतिहासिक, दूरदर्शी र स्वागतयोग्य छ ।

दशकौंदेखि विश्वका विभिन्न देशहरूमा नेपालीहरूले आफ्नो मेहनत, सीप, ज्ञान, उद्यमशीलता र नेतृत्वमार्फत विशिष्ट पहिचान निर्माण गर्दै आएका छन् । आज नेपालीहरू विश्वका प्रतिष्ठित विश्वविद्यालय, अनुसन्धान संस्था, बहुराष्ट्रिय कम्पनी, प्रविधि उद्योग, वित्तीय संस्था तथा उद्यम क्षेत्रमा नेतृत्वदायी भूमिकामा सक्रिय छन् । उनीहरूको अनुभव, ज्ञान, पुँजी तथा अन्तरराष्ट्रिय पहुँच नेपालका लागि ठूलो रणनीतिक सम्पत्ति हो । त्यसैले राज्यले अब गैरआवासीय नेपालीहरूलाई केबल रेमिट्यान्सको स्रोतको रूपमा नभई 'ग्लोबल नेपाली क्यापिटल' को रूपमा हेर्न थालेको सङ्केत नीति तथा कार्यक्रममा स्पष्ट देखिन्छ । विशेषगरी 'डायस्पोरा विज्ञ सञ्जाल' तथा 'ज्ञान बैंक' स्थापना गर्ने घोषणा अत्यन्त स्वागतयोग्य र समयानुकूल पहल हो ।

आजको विश्वव्यापी प्रतिस्पर्धाको युगमा राष्ट्रको विकास केबल प्राकृतिक स्रोत वा परम्परागत आर्थिक संरचनाले मात्र सम्भव हुँदैन । ज्ञान, नवप्रवर्तन, प्रविधि, अनुसन्धान र अन्तरराष्ट्रिय नेटवर्क नै आधुनिक विकासका मुख्य आधार बनेका छन् । यस्तो अवस्थामा विश्वभर रहेका नेपाली विज्ञ, वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता तथा उद्यमीहरूको ज्ञान र अनुभवलाई नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणसँग जोड्ने सरकारको प्रयास अत्यन्त महत्वपूर्ण छ । गैरआवासीय नेपालीहरूको लगानीलाई सुरक्षित, पारदर्शी र सहज बनाउने तथा प्रतिफल फिर्ता प्रणाली सुनिश्चित गर्ने सरकारी प्रतिबद्धताले प्रवासी नेपालीहरूलाई नेपालमा लगानी विस्तार गर्न थप प्रेरित गरेको छ ।

नेपालमा आर्थिक रूपान्तरणका लागि अहिले जलविद्युत्, पर्यटन, सूचना प्रविधि, कृषि व्यवसाय, डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, स्वास्थ्य, शिक्षा, स्टार्टअप तथा नवप्रवर्तनजस्ता क्षेत्रमा विशाल सम्भावना रहेका छन् । यी क्षेत्रमा विश्वव्यापी अनुभव र अन्तरराष्ट्रिय पहुँच भएका गैरआवासीय नेपालीहरूको भूमिका निर्णायक हुन सक्छ । उनीहरूले नेपालमा केबल पूँजी मात्र होइन, प्रविधि, व्यवस्थापन क्षमता, बजार पहुँच र नवप्रवर्तन संस्कृतिसमेत भित्र्याउन सक्छन् । यदि स्पष्ट नीति, स्थिर कानुनी संरचना, लगानी सुरक्षा, पारदर्शी प्रशासन र एकद्वार प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकियो भने नेपाल विदेशी तथा गैरआवासीय नेपाली लगानीका लागि आकर्षक गन्तव्य बन्न सक्छ ।

नीति तथा कार्यक्रममा उल्लेख गरिएका पूँजी बजार सुधार, धितोपत्र नियमन, नेप्से तथा क्लियरिङ प्रणालीको पुनःसंरचना, संस्थागत लगानी विस्तार, पूर्वाधार बन्ड, ऋण तथा बन्ड बजार विकास तथा जोखिम व्यवस्थापन प्रणाली सुदृढीकरणजस्ता कार्यक्रमहरूले नेपालको आर्थिक प्रणालीलाई आधुनिक र विश्वसनीय बनाउने अपेक्षा गरिएको छ ।

विशेषगरी गैरआवासीय नेपाली लगानीलाई सुरक्षित, पारदर्शी र सहज बनाउने तथा लगानीको प्रतिफल फिर्ता सुनिश्चित गर्ने प्रतिबद्धताले प्रवासी नेपाली लगानीकर्ताहरूमा नयाँ विश्वास पैदा गर्नेछ ।

गैरआवासीय नेपालीहरूको नागरिकता, वित्तीय पहुँच, सामाजिक सुरक्षा, लगानी सुरक्षा तथा लोकतान्त्रिक अधिकारसँग सम्बन्धित विषयहरू पनि दीर्घकालीन रूपमा अत्यन्त महत्वपूर्ण छन् । 'एकपटकको नेपाली, सधैंको नेपाली' भन्ने भावनालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्दै भावी पुस्तासँग नेपालको सम्बन्धलाई संस्थागत रूपमा मजबुत बनाउनु आवश्यक छ । यसले विश्वभर रहेका नेपाली समुदायमा मातृभूमिप्रतिको भावनात्मक, सांस्कृतिक तथा आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउनेछ ।

गैरआवासीय नेपाली सङ्घले विगतदेखि नै नेपाल सरकारसँग सहकार्य गर्दै गैरआवासीय नेपालीहरूको लगानी प्रवर्द्धन, विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य, पर्यटन, प्रविधि हस्तान्तरण तथा सामाजिक रूपान्तरणका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । आगामी दिनमा पनि गैरआवासीय नेपाली सङ्घ विश्वभर रहेका नेपालीहरूको ज्ञान, पुँजी, सीप तथा अन्तरराष्ट्रिय नेटवर्कलाई नेपालको विकास यात्रासँग जोड्न अझ सक्रिय, परिणाममुखी र रणनीतिक रूपमा अघि बढ्नेछ । सरकार, निजी क्षेत्र तथा विश्वव्यापी नेपाली सञ्जालबीच सेतुको भूमिका निर्वाह गर्दै आर्थिक कूटनीति, अन्तरराष्ट्रिय लगानी सम्मेलन, ज्ञान हस्तान्तरण तथा नेपाल ब्रान्डिङमा यस सङ्घको भूमिका अझ महत्वपूर्ण बन्नेछ । आज आवश्यकता केवल लगानी भित्र्याउने मात्र होइन; विश्वभर फैलिएको नेपाली क्षमताको राष्ट्रिय पुनः संयोजन गर्ने हो । यदि सरकार, निजी क्षेत्र र गैरआवासीय नेपाली समुदायबीच विश्वास, सहकार्य, पारदर्शिता र नीतिगत स्थिरता कायम गर्न सकियो भने नेपालले आफ्नो विकास यात्रामा नयाँ अध्याय प्रारम्भ गर्नसक्छ ।

नेपाल सरकारले आव २०८३/८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रमले पर्यटन र संस्कृतिलाई देशको आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा अघि सारेको छ । यसले नेपालको प्राकृतिक सौन्दर्य, धार्मिक सम्पदा, सांस्कृतिक विविधता र ऐतिहासिक पहिचानलाई संरक्षण गर्दै अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको छ । सरकारले 'भिजिट नेपाल २०८५' अभियानलाई प्राथमिकतामा राख्दै नेपाललाई विश्व पर्यटन बजारमा प्रतिस्पर्धी गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ । हवाई पूर्वाधार विस्तार, अन्तरराष्ट्रिय विमानस्थलहरूको आधुनिकीकरण तथा प्रभावकारी सञ्चालनले पर्यटन आगमन वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय उडान विस्तार गर्ने नीति स्वागतयोग्य छ । डिजिटल भिसा प्रणाली, ई-गेट प्रविधि तथा अनलाइन अध्यागमन सेवाले पर्यटक अनुभवलाई सहज, छिटो र आधुनिक बनाउनेछ । एकद्वार डिजिटल पर्यटन प्रणालीले सेवा प्रवाहलाई एकीकृत गर्दै नेपालको पर्यटन प्रणालीलाई प्रविधिमैत्री बनाउनेछ ।

नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न 'देवभूमि नेपाल' अभियान अत्यन्त महत्वपूर्ण छ । पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ जस्ता धार्मिक गन्तव्यहरूको प्रवर्द्धनले धार्मिक पर्यटनलाई अन्तरराष्ट्रियस्तरमा अझ सुदृढ बनाउनेछ । साथै, योग, ध्यान, आरोग्य र अवकाश पर्यटनको विस्तारले नेपाललाई बहुआयामिक पर्यटन गन्तव्यका रूपमा स्थापित गर्नेछ । ग्रामीण पर्यटन प्रवर्द्धनका लागि होमस्टे (घरबास) विकास नीति अत्यन्त सकारात्मक छ । स्थानीय संस्कृति, परम्परा र जीवनशैलीलाई पर्यटनसँग जोड्दै स्थानीय तथा सीमान्तकृत समुदायको आयआर्जन वृद्धि गर्न यसले महत्वपूर्ण योगदान दिनेछ । पाँच हजार नयाँ होमस्टेलाई 'नेपाल होमस्टे' ब्रान्डिङसहित डिजिटल प्लेटफर्ममा आबद्ध गर्ने योजना उल्लेखनीय छ ।

साहसिक पर्यटन क्षेत्रमा नेपाललाई विश्वस्तरीय गन्तव्य बनाउने लक्ष्य पनि नीति कार्यक्रममा स्पष्ट छ । पर्वतारोहण, ट्रेकिङ, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ, बन्जी जम्प र स्काइडाइभिङजस्ता गतिविधिहरूलाई सुरक्षा मापदण्ड र अन्तरराष्ट्रिय प्रवर्द्धनसँग जोडिनेछ । साथै इको-टुरिजम विकासले दिगो पर्यटन प्रणालीलाई थप मजबुत बनाउनेछ । क्षेत्रीय सन्तुलनका लागि कर्णाली, सुदूरपश्चिम, मधेश र कोशी प्रदेशलाई विशेष प्राथमिकतामा राखी नयाँ पर्यटकीय गन्तव्य विकास गर्ने नीति महत्वपूर्ण छ । हिमाली, मध्यपहाडी र तराई क्षेत्रमा पदमार्ग विकासले आन्तरिक तथा बाह्य पर्यटन विस्तारमा योगदान पुऱ्याउनेछ ।

समग्रमा आव २०८३/८४ को नीति तथा कार्यक्रमले नेपाललाई पर्यटन, संस्कृति र आध्यात्मिकताको विश्वस्तरीय केन्द्रका रूपमा स्थापित गर्ने स्पष्ट दिशा दिएको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि सरकार, निजी क्षेत्र र गैरआवासीय नेपालीबीचको सहकार्य अझ सुदृढ हुनु अपरिहार्य छ । आजको आवश्यकता केबल लगानी भित्र्याउने मात्र होइन, विश्वभर फैलिएको नेपाली क्षमताको राष्ट्रिय पुनः संयोजन गर्ने पनि हो । यदि सरकार, निजी क्षेत्र र गैरआवासीय नेपाली समुदायबीच विश्वास, सहकार्य, पारदर्शिता र नीतिगत स्थिरता कायम गर्न सकियो भने नेपालले आफ्नो विकास यात्रामा नयाँ अध्याय प्रारम्भ गर्नसक्छ । (लेखक गैरआवासीय नेपाली सङ्घका प्रवक्ता तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हुनुहुन्छ)

## *विश्व फुटबलको ...*

**विश्वकपको ताज पहिरिए ?**

विश्वकप फुटबलको झण्डै एकसय वर्ष पुरानो इतिहास भइसक्दा २२औं संस्करणसम्म विश्वकप सम्पन्न भइसक्यो । यसमा सबैभन्दा बढी ब्राजिलले पाँच पटक विश्वकप जितेको छ ।

दुई पटक उपविजेता बनेको ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र २००२ मा विश्वकप जितेको छ । ब्राजिलपछि सबैभन्दा बढी चार-चार पटक जर्मनी र इटालीले विश्वकपको ट्रफी उचालेका छन् । जर्मनीले सन् १९५४, १९७४, १९९० र २०१४ मा विश्वकप जित्दा चारपटक नै उपविजेता बनेको छ । इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा विश्वकप जित्दा दुई पटक उपविजेता बनेको छ ।

यसैगरी, अर्जेन्टिनाले सन् १९७८, १९८६ र २०२२ मा गरी तीनपटक विश्वकप जित्दा तीनपटक नै उपविजेता बनिसकेको छ । विश्वकप फुटबलको इतिहासमा फ्रान्स र उरुग्वेले दुई-दुई पटक विश्वकप जितेका छन् । उरुग्वेले पहिलो विश्वकप सन् १९३० र १९५० मा विश्वकप जित्दा फ्रान्सले सन् १९९८ र २०१८ मा विश्वकप जित्दा दुई पटक नै फाइनलमा पराजित भयो ।

यसैगरी स्पेन र इङ्गल्याण्डले एक-एक पटक विश्वकप जितेका छन् । नेदरल्याण्ड्स तीन पटक उपविजेता बन्दै गर्दा हङ्गेरी र चेकोस्लाभियाले दुई-दुई पटक उपविजेता बनेका छन् । स्वीडेन र क्रोयसिया एक-एकपटक विश्वकपको उपविजेता बनिसकेका छन् ।

## विश्व समाचार

### ट्रम्प-सीबीच व्यापार सहमति

बेइजिङ, १ जेठ (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भएको उच्चस्तरीय भेटवार्तापछि दुवै देशबीच 'उत्कृष्ट व्यापार सम्झौता' भएको दाबी गर्नुभएको छ । विश्वका दुई प्रमुख आर्थिक शक्तिबीच व्यापार, प्रविधि, उड्डयन र अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी विषयमा केन्द्रित शिखर वार्तापछि ट्रम्पले भ्रमणलाई 'धेरै सफल' भएको प्रतिक्रिया दिनुभएको हो । बेइजिङमा आयोजित महाशक्ति शिखर सम्मेलनको अन्तिम चरणको वार्तापछि ट्रम्पले दुवै देशका लागि लाभदायक हुने खालका महत्त्वपूर्ण व्यापारिक समझदारी बनेको बताउनुभयो । फरबिडन सिटी नजिकै रहेको चिनियाँ केन्द्रीय नेतृत्व परिसर झोङनानहाइको बगैंचामा सीसँग सँगै हिँड्दै उहाँले 'दुवै मुलुकका लागि निकै राम्रो हुने व्यापार सम्झौताहरू सम्पन्न भएको' उल्लेख गर्नुभयो ।

ट्रम्पले कृषि, उड्डयन, ऊर्जा र आर्टिफिसियल इन्टेलिजेन्सलगायतका क्षेत्रमा सहकार्य विस्तार गर्ने उद्देश्यसहित बेइजिङ भ्रमण गर्नुभएको थियो । साथै मध्यपूर्वको तनावपूर्ण अवस्थादेखि विश्वव्यापी रणनीतिक मतभेदसम्मका विषयमा संवाद कायम राख्ने प्रयास पनि भ्रमणको प्रमुख एजेन्डामा रहेको बताइएको छ । चिनियाँ राष्ट्रपति सी जिनपिङले भ्रमणलाई 'माइलस्टोन' अर्थात् ऐतिहासिक महत्त्वको भ्रमणका रूपमा वर्णन गर्दै दुवै देशले 'रचनात्मक रणनीतिक स्थिरतामा आधारित नयाँ सम्बन्ध' निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भविष्यमा सम्बन्धलाई थप सन्तुलित र स्थिर बनाउने दिशामा सहकार्य जारी रहने विश्वास व्यक्त गर्नुभयो ।

सीले अमेरिकी राष्ट्रपति ट्रम्पलाई ह्वाइट हाउसको रोज गार्डेनका लागि चिनियाँ फूलका बिउ पठाउने वाचा पनि गर्नुभएको थियो । यसलाई दुई नेताबीचको व्यक्तिगत सम्बन्धलाई मैत्रीपूर्ण बनाउन गरिएको साङ्केतिक पहलका रूपमा हेरिएको छ । शिखर सम्मेलनको पहिलो दिनपछि फक्स न्युजसँगको अन्तर्वार्तामा ट्रम्पले सी जिनपिङ अमेरिकी पक्षका धेरै प्राथमिकतामा सकारात्मक देखिएको बताउनुभयो । उहाँका अनुसार चीनले अमेरिकी बोइङ कम्पनीका '२०० वटा ठूला जेट विमान' खरिद गर्ने समझदारी जनाएको छ । यद्यपि यसबारे औपचारिक विवरण सार्वजनिक गरिएको छैन ।

ट्रम्पले चीनले अमेरिकी तेल र सोयाबिन खरिदमा पनि रुचि देखाएको जानकारी दिनुभयो । पछिल्ला वर्षहरूमा व्यापारिक कर र द्विपक्षीय तनावका कारण चीनले अमेरिकी कृषि उत्पादन खरिद घटाउँदै ब्राजिलतर्फ झुकेको थियो । त्यसैले नयाँ समझदारीले अमेरिकी कृषि बजारलाई राहत दिनसक्ने विश्लेषण गरिएको छ । भेटवार्ताका क्रममा मध्यपूर्वको अवस्थाबारे पनि छलफल भएको अमेरिकी पक्षले जनाएको छ । ट्रम्पका अनुसार सी जिनपिङले इरानलाई सैन्य सहयोग उपलब्ध गराउने विषयमा चीनको कुनै योजना नरहेको स्पष्ट पार्नुभएको थियो । साथै विश्व व्यापारका लागि अत्यन्त महत्त्वपूर्ण मानिने हर्मुज जलघाँटी खुला राख्नुपर्ने पक्षमा चीन रहेको उहाँले उल्लेख गर्नुभयो ।

यसैबीच चिनियाँ विदेश मन्त्रालयले शुक्रबार जारी गरेको वक्तव्यमा 'व्यापक र दिगो युद्धविराम' को आवश्यकता औंल्याउँदै अन्तर्राष्ट्रिय ढुवानी मार्गहरू यथाशीघ्र सामान्य अवस्थामा फर्काइनुपर्ने बताएको छ । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले ट्रम्प र सीबीच आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को सुरक्षित र जिम्मेवार प्रयोगका लागि साझा 'गार्डरेल' अर्थात् नियामकीय सीमारेखा निर्माणबारे पनि छलफल भएको जानकारी दिनुभयो । उहाँले विश्वका 'दुई एआई महाशक्ति' बीच संवाद सुरु हुनु महत्त्वपूर्ण भएको बताउनुभयो । यद्यपि उन्नत प्रविधिमा अमेरिकी निर्यात नियन्त्रण र चिनियाँ प्रविधि पहुँचसम्बन्धी विवाद अझै संवेदनशील विषयका रूपमा कायम रहेको विश्लेषण गरिएको छ ।

### भारतमा पेट्रोल-डिजेल महँगियो

नयाँदिल्ली, १ जेठ (रासस/एएफपी) ।

मध्यपूर्वमा जारी युद्ध र हर्मुज जलघाँटीमा उत्पन्न अवरोधका कारण भारतमा पेट्रोलियम पदार्थको मूल्य बढ्न थालेको छ । भारतीय सरकारी तेल कम्पनीहरूले शुक्रबार पेट्रोल र डिजेलको मूल्यमा तीन प्रतिशतभन्दा बढी वृद्धि गरेका छन्, जसले सर्वसाधारणदेखि उद्योग क्षेत्रसम्म थप आर्थिक दबाब सिर्जना गरेको छ । फेब्रुअरीमा युद्ध सुरु भएपछि भारतमा अटोमोबाइल इन्धनको मूल्य बढाइएको यो पहिलो पटक हो । युद्धपछि इरानले विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त संवेदनशील मानिने स्ट्रेट अफ हर्मुज क्षेत्रमा लगभग पूर्ण नाकाबन्दी गरेपछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको आपूर्ति प्रभावित भएको छ ।

विश्वको तेस्रो ठूलो तेल आयातकर्ता भारतले सामान्यतया आफ्नो कच्चा तेलको करिब आधा हिस्सा यही जलमार्ग हुँदै आयात गर्ने गर्दछ । त्यसैले हर्मुज क्षेत्रमा बढेको अस्थिरताले भारतीय ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पारेको विश्लेषण गरिएको छ । इन्डियन आयल कर्पोरेसनका अनुसार राजधानी दिल्लीमा पेट्रोलको मूल्य प्रतिलिटर ९४ रुपैयाँ ७७ पैसा (भारतीय रुपैयाँ) बाट बढेर ९७ रुपैयाँ ७७ पैसा पुगेको छ । त्यसैगरी डिजेलको मूल्य ८७ रुपैयाँ ६७ पैसाबाट बढेर ९० रुपैयाँ ६७ पैसा पुगेको छ । अन्तर्राष्ट्रिय बजार, ढुवानी लागत र स्थानीय करका आधारमा देशका विभिन्न क्षेत्रमा मूल्य फरक-फरक रहने जनाइएको छ ।

सरकारी तेल कम्पनीहरूले विश्व बजारमा कच्चा तेलको मूल्य लगातार उकालो लागेकाले इन्धन बिक्रीमा घाटा व्यहोर्नुपरेको बताएका छन् । यसअघि सरकारले लाखौं घरपरिवारले प्रयोग गर्ने खाना पकाउने इन्धन तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) को मूल्यसमेत बढाइसकेको थियो । इन्धन मूल्यवृद्धिसँगै भारत सरकारले ऊर्जा खपत घटाउने र विदेशी मुद्रा जोगाउने उद्देश्यले मितव्ययिता कार्यक्रम पनि कडा बनाएको छ । अधिकारीहरूले सरकारी तथा निजी क्षेत्रलाई इन्धनको अनावश्यक प्रयोग कम गर्न आग्रह गरिरहेका छन् ।

दिल्लीका मुख्यमन्त्रीले बिहीबार सरकारी कार्यालयका कर्मचारीहरूलाई सम्भव भएसम्म हप्तामा दुई दिन घरबाटै काम गर्न निर्देशन दिनुभएको छ । साथै निजी सवारी साधनको प्रयोग घटाउन सर्वसाधारणलाई सार्वजनिक यातायात प्रयोग गर्न आग्रह गरिएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले पनि इन्धन आयातमा खर्च हुने ठूलो परिमाणको विदेशी मुद्रा बचत गर्न ऊर्जा खपत नियन्त्रण आवश्यक रहेको बताउनुभएको छ । भारतको बढ्दो ऊर्जा आयात खर्चले व्यापार घाटा र मुद्रास्फीतिमा असर पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

# प्रेस स्वतन्त्रताको संरक्षणसँगै जिम्मेवार पत्रकारितामा जोड

काठमाडौँ, १ जेठ (रासस) ।

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले संविधानले प्रत्याभूत गरेका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताजस्ता मौलिक हकविरुद्ध सरकारले कुनै पनि कदम नचाल्ने स्पष्ट पार्नुभएको छ । उहाँले प्रेस स्वतन्त्रता लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत स्तम्भ भएकाले सरकारले त्यसको सम्मान गर्दै सञ्चार क्षेत्रलाई थप जिम्मेवार, मर्यादित र व्यावसायिक बनाउन आवश्यक पहल गर्ने बताउनुभएको हो ।

सञ्चारिका समूह नेपालसँग मन्त्रालयमा भएको भेटघाट तथा छलफलका क्रममा सञ्चारमन्त्री तिमिल्सिनाले सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्दै सञ्चारमाध्यम तथा नागरिक दुवैले अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा जिम्मेवारीबोध गर्नुपर्नेमा जोड दिनुभयो । "प्रेस र अभिव्यक्ति स्वतन्त्रतामा असर पर्ने गरी सरकारले कुनै पनि कदम उठाउँदैन", उहाँले भन्नुभयो, "तर स्वतन्त्रताको प्रयोग गर्दा सामाजिक उत्तरदायित्व र संवेदनशीलता पनि उत्तिकै आवश्यक हुन्छ ।"

उहाँले पछिल्लो समय सञ्चार क्षेत्र विभिन्न चुनौतीबाट गुज्रिरहेको उल्लेख गर्दै समग्र सञ्चार प्रणाली सुधारका लागि मन्त्रालय गम्भीर रहेको बताउनुभयो । पत्रकारितालाई थप विश्वसनीय, मर्यादित र व्यावसायिक बनाउन सञ्चारमाध्यम, पत्रकारको हितसँग जोडिएका संस्था तथा राज्यबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो । सञ्चारमन्त्री तिमिल्सिनाले तथ्यमा आधारित, जिम्मेवार र जनउत्तरदायी पत्रकारिताले मात्रै लोकतन्त्रलाई बलियो बनाउने धारणा व्यक्त गर्नुभयो ।

साथै, उहाँले सञ्चारमाध्यमले प्रकाशन तथा प्रसारण गर्ने सामग्रीप्रति थप संवेदनशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । महिला, बालबालिका तथा संवेदनशील सामाजिक विषयमा कतिपय सञ्चारमाध्यमले असावधानीपूर्वक सामग्री प्रस्तुत गर्ने गरेको उल्लेख गर्दै उहाँले यसले सामाजिक मनोविज्ञानमा नकारात्मक असर पार्ने बताउनुभयो । "महिला र बालबालिकासम्बन्धी विषयलाई सनसनीपूर्ण वा असंवेदनशील ढङ्गले प्रस्तुत गर्ने प्रवृत्ति बढेको छ । यस्ता खराब प्रवृत्ति हटाउन सञ्चारमाध्यम अझ जिम्मेवार बन्नुपर्छ", उहाँले भन्नुभयो ।

उहाँले सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्ममार्फत प्रसारित सामग्रीको प्रभाव तीव्र बन्दै गएको सन्दर्भमा पत्रकारिता क्षेत्रलाई थप उत्तरदायी बनाउने चुनौती रहेको पनि बताउनुभयो । पछिल्लो समय क्लिकबेट, अतिरञ्जित प्रस्तुति तथा अपुष्ट सूचनाको प्रवृत्ति बढ्दै गएको सङ्केत गर्दै उहाँले व्यावसायिक पत्रकारिताको मान्यता र आचारसंहिताको पालनामा जोड दिनुभयो ।

भेटका क्रममा मन्त्री तिमिल्सिनाले लामो समयदेखि कार्यान्वयनमा समस्या देखिएको श्रमजीवी पत्रकार ऐनअन्तर्गतको न्यूनतम पारिश्रमिक निर्धारणसम्बन्धी व्यवस्था कार्यान्वयन गरिने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । सञ्चार क्षेत्रमा कार्यरत पत्रकारहरूले नियमित पारिश्रमिक नपाउने, श्रम अधिकार कार्यान्वयन नहुने तथा असुरक्षित वातावरणमा काम गर्नुपर्ने अवस्था अन्त्य गर्न मन्त्रालयले आवश्यक पहल गर्ने बताउनुभयो ।

सरकारी विज्ञापन तथा लोककल्याणकारी विज्ञापन वितरणमा आर्थिक पारदर्शिताको प्रश्न उठिरहेको सन्दर्भमा सरकारले अब नियमनलाई थप कडाइ गर्ने उहाँको भनाइ थियो । सरकारी विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित, पारदर्शी र मापदण्डमा आधारित बनाउने तयारी भइरहेको जानकारी दिँदै उहाँले सीमित पहुँचका आधारमा विज्ञापन बाँडफाँट हुने प्रवृत्ति अन्त्य गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

# दश महिनामा ६० प्रतिशत बजेट खर्च, विकास खर्च २८ प्रतिशत मात्र

काठमाडौँ, १ जेठ (रासस) ।

चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा सरकारको बजेट खर्च वार्षिक विनियोजनाको करिब ६० प्रतिशत भएको छ ।

महालेखा नियन्त्रक कार्यालयकाअनुसार बितेका दश महिनामा रु ११ खर्ब ७३ अर्ब ५२ करोड एक लाख बजेट खर्च भएको छ । चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट ल्याएकामा हालसम्म वार्षिक विनियोजनको ५९ दशमलव ७५ प्रतिशत खर्च भएको छ ।

उक्त कार्यालयका अनुसार चालु आवका लागि चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकोमा वैशाख मसान्तसम्ममा ६८ दशमलव ९८ प्रतिशतअर्थात् रु आठ खर्ब १४ अर्ब ६५ करोड ५५ लाख खर्च भएको छ । त्यस्तै, पुँजीगततर्फ रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकोमा २७ दशमलव ९१ प्रतिशतअर्थात् रु एक खर्ब १३ अर्ब ८४ करोड ९२ लाख बराबर खर्च भएको छ ।

वित्तीय व्यवस्थातर्फ हालसम्म बजेट खर्च ६५ दशमलव ३० प्रतिशत छ । यो शीर्षकमा चालु आवका लागि सरकारले रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन गरेकामा हालसम्म रु दुई खर्ब ४५ अर्ब एक करोड ५४ लाख बराबर खर्च भएको छ ।

वैशाख मसान्तसम्ममा सरकारको आम्दानी वार्षिक लक्ष्यको ६६ प्रतिशतमा खुम्चिएको छ । चालु आवका लागि कूल रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख बराबर आम्दानी गर्ने लक्ष्य रहेकामा सरकारले हालसम्म रु १० खर्ब १२ अर्ब पाँच करोड २४ लाख बराबर आम्दानी गरेको हो । यस आवमा रु १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य राखेको सरकारले रु पछिल्ला १० महिनामा वार्षिक लक्ष्यको ६६ दशमलव ६९ प्रतिशतअर्थात् रु नौ खर्ब ८८ अर्ब ५५ करोड २२ लाख बराबर मात्रै असुली गरेको छ ।

चालु आर्थिक वर्षका लागि रु ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले हालसम्म सो लक्ष्यको ३३ दशमलव २८ प्रतिशतअर्थात् रु १७ अर्ब ७८ करोड ७६ लाख बराबर अनुदान लिएको पाइएको छ ।

## अरुलाई असर ...

समेतमा असर पर्ने गरेकोले विवाह, चाडपर्व तथा अन्य साँस्कृतिक कार्यक्रम गर्ने/मनाउने क्रममा अरुलाई असर नपर्ने गरि सो कार्य गर्न अनुरोध गरिएको जारि सूचनामा उल्लेख छ ।

"उक्त सन्दर्भमा व्यापक जनगुनासो आएको भनि गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखाको च.नं.२०९४ मिति २०८३।०१।२८ गतेको पत्रबाट लेखि आएकोले शान्ति सुव्यवस्था कायम हुने गरी उक्त कार्यहरु गर्दा शान्तिपूर्ण वातावरणमा आ-आफ्नो घर तथा विवाह हुने स्थानमा अरु व्यक्तिहरुलाई असर नपर्ने गरी बाजा/डिजे बजाई विवाह, चाडपर्व तथा अन्य साँस्कृतिक कार्यक्रमहरु गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि सूचना प्रकाशित गरिएको" उल्लेख छ ।

# नयाँ सामग्री खरिद नगर्न निर्देशन

**दैनिक समाचारदाता**
**काठमाडौँ, १ जेठ ।**

सरकारले सार्वजनिक खरिदमा मितव्ययिता अपनाउन तथा अत्यावश्यकबाहेक अन्य अवस्थामा कुनै किसिमका नयाँ सामग्री खरिद नगर्न निर्देशन दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बिहीबार सरकारका सबै मन्त्रालय, आयोग, सचिवालय, कार्यालय, सरकारी निकाय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका साथै सबै प्रदेशमा परिपत्र पठाउँदै उक्त निर्देशन दिएको हो ।

मन्त्रिपरिषद्को कार्यालयले अत्यावश्यकबाहेक नयाँ सामग्री खरिद नगर्न मौजुदा, औजार, उपकरण, फर्निचर र सवारीसाधनहरूलाई चालु अवस्थामा राखी सार्वजनिक खर्च जोगाउन अनुरोध गरेको छ ।

# बढ्दो बेरुजु नियन्त्रणका लागि वित्तीय सुशासन सुदृढ गर्नुपर्नेमा जोड

काठमाडौँ, १ जेठ (रासस) ।

बेरुजु फछ्र्याैट तथा वित्तीय सुशासनलाई प्रभावकारी बनाउन सरोकार भएका सबै निकायको सक्रिय र सार्थक सहभागिता आवश्यक भएकामा जोड दिइएको छ ।

मुख्यसचिव सुमनराज अर्यालको अध्यक्षतामा गठित बेरुजु फछ्र्याैट अनुगमन समितिले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमा वित्तीय सुशासनलाई केन्द्रमा राखेर कार्यसम्पादन गर्ने नीति लिइए पनि सरोकारवाला पक्षको अपेक्षित सहभागिता र क्रियाशीलता कमजोर हुँदा अपेक्षित नतिजा हासिल हुन नसकेको उल्लेख गरिएको छ ।

प्रतिवेदनमा आगामी दिनमा बेरुजु फछ्र्याैटलाई प्राथमिकतामा राखी सबै निकायबीच समन्वय र सहकार्य बढाउनुपर्नेमा जोड दिइएको छ ।

महालेखापरीक्षकको ६२ औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा कूल लेखापरीक्षणमध्ये रु ९१ अर्ब ५९ करोड ७९ लाख बेरुजु औँल्याइएको छ, जुन अघिल्लो वर्षको तुलनामा ९.४५ प्रतिशतले बढी हो ।

प्रतिवेदनमा सार्वजनिक कोषको सदुपयोग, वित्तीय जवाफदेहिता, पारदर्शिता र अनुशासनलाई प्रभावकारी बनाउन कानुन, नियम र मापदण्डको कडाइका साथ पालनामा जोड दिइएको छ ।

समितिले बेरुजु न्यूनीकरणका लागि विनियोजित बजेटको औचित्यपूर्ण तथा विवेकसम्मत उपयोग, प्रभावकारी अनुगमन तथा सम्परीक्षण प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता औँल्याएको छ । साथै, बेरुजु फछ्र्याैटलाई व्यवस्थित एवं परिणाममुखी बनाउन, आर्थिक अनुशासन पालना तथा वित्तीय उत्तरदायित्व जिम्मेवारीपूर्वक बहन गर्न अनुरोध गरेको छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य–मान्यता र मानवअधिकारको संरक्षण गरौं।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*